बैठक संख्या - १५ २०७१।०९।०६

बिहान ६:०० बजे

उपस्थिति

श्री भोजराज खतिवडा - कार्यकारी अधिकृत - धरान नगरपालिका

आज मिति २०७१।९।६ गते आइतबार धरान नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णय गरियो।

## निर्णय नं- १

स्वीकृत आयोजनाका लागि ऋण अनुदान माग गर्ने तथा समपूरक कोष (Matching fund) बाट रकम व्यहोर्ने सम्बन्धमा:- धरान ८ स्थित सभागृह मार्गमा सडक ग्राभेलिङ तथा ढल निर्माण गर्नका लागि कुल रु ५३,८६,६२३/- को अनुमानित लागत मध्ये ५०% ले हुन आउने रकम रु २६,९३,३११/- नेपाल सरकार द्वारा अनुदान उपलब्ध हुने तथा ४०% ले हुन आउने रकम रु २१,५४,६४९ नगर विकास कोष संग (वार्षिक ८% ब्याज दरमा २ वर्षको सहुलियत अवधि सहित २० वर्ष भित्र तिर्ने गरी) ऋण लिने र १०% ले हुन आउने रकम रु ५,३८,६६२/- धरान नगरपालिका बाट समपूरक कोष मार्फत व्यहोर्ने गरी नगर विकास कोषबाट आयोजना स्वीकृत भएको छ। उक्त स्वीकृत आयोजनाको लागि ऋण अनुदान माग गर्ने तथा समपूरक कोषबाट रकम व्यहोर्ने निर्णय गरियो।

## निर्णय नं- २

नगर विकास कोष संग गरिने सम्झौताकालागि अख्तियारी प्रत्यायोजन सम्बन्धमा! निर्णय नं. १ अनुसार स्वीकृत आयोजनाको लागि नगर विकास कोष संग सम्झौता गर्नकालागि धरान नगरपालिकाका कार्यकारी अधिकृत श्री भोजराज खतिवडालाई अख्तियारी प्रत्यायोजन गर्ने निर्णय गरियो।

आजको बोर्ड बैठक बिहान १०:०० बजे समापन गरियो।

बोर्ड माइन्यूटकर्ता - भक्तिराज शर्मा -